# हाम्रो चौरीदेउराली

## स्थानीय पाठ्यक्रम–२०८०

# आधारभूत तह (कक्षा १–८)


<u>प्रमुख संरक्षक</u>

गाउँपालिका अध्यक्षः श्री रेणुका चौलागाई

<u>संरक्षक</u>

गाउँपालिका उपाध्यक्षः श्री शेरबहादुर लामा (तामाङ)

<u>सल्लाहकार</u>

प्रमुख प्रशासकीय अधिकृतः श्री महान दास लामा



**प्रकाशक**

**चौरीदेउराली गाउँ कार्यपालिकाको कार्यालय**

ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक

# हाम्रो चौंरीदेउराली

## स्थानीय पाठ्यक्रम-२०८०

# आधारभूत तह (कक्षा १–८)


<u>विषयवस्तु संकलन:</u>

| | |
|---|---|
| संयोजक | : श्री टोप प्रसाद अधिकारी |
| सदस्य | : श्री राजु चौंलागाई |
| सदस्य | : श्री राजीव लामा |
| सदस्य | : श्री बेल बहादुर प्रधान |
| सदस्य | : श्री काली प्रसाद पाण्डे |
| सदस्य | : श्री गंगा बहादुर लामा |
| सदस्य | : श्री छविलाल गौतम |
| सदस्य | : श्री बलराम खरेल |
| सदस्य | : श्री टेक बहादुर लामा |
| सदस्य | : श्री बलराम चौलागाई |
| प्राविधिक सहयोग | : दिनानाथ गौतम (शिक्षा विकास तथा समन्वय इकाई, मकवानपुर) |
| विषयवस्तु सम्पादन | : स्टारलाइन मल्टी कन्सलटेन्सी |
| प्रथम संस्करण | : वि.सं. २०८० |
| मुद्रण | : ५०० प्रति |



चौंरीदेउराली गाउँपालिकाको लिखित स्वीकृति बिना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाइने छैन ।

# भुमिका

शिक्षा विकासको पूर्वाधार र मानव संसाधन विकासको प्रमुख साधन हो । मानव संसाधन विकासमा शिक्षाको महत्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षाको माध्यमबाट रोजगारी प्राप्ति, स्वरोजगार सिर्जना र सभ्य समाज निर्माण गर्न सकिन्छ । आयमूलक, गुणस्तरीय तथा व्यवहारिक शिक्षाले मात्र परिवार, समाज र राष्ट्रको आर्थिक तथा सामाजिक रूपान्तरण गर्न सक्दछ । सामाजिकीकरणको प्रक्रियामा सहयोगी, मानवीय मूल्य मान्यताप्रति प्रतिबद्ध र राष्ट्र निर्माणमा दृढसंकल्पित स्पष्ट शिक्षा नीतिको कार्यान्वयनले मात्रै मुलुक समृद्ध बन्न सक्छ ।

चौरीदेउराली गाउँपालिका प्राकृतिक रूपमा मनोरम र प्रचुर सम्भावनाहरू बोकेको अनुपम स्थल हो । यहाँको भौगोलिक अवस्था अनुसार स्थान विशेष फरक–फरक पहिचान र विशेषता रहेको छ । यहाँका जल, जमिन, जङ्गल, जडिबुटी, कला तथा संस्कृति लगायत प्राकृतिक, ऐतिहासिक र पुरातात्त्विक सम्पदाहरू अमूल्य नीधि हुन् । यसैलाई आधारका रूपमा लिई आधारभूत तह (कक्षा १-८) मा स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो ।

संवैधानिक व्यवस्था अनुरूप स्थानीय सरकार सञ्चालन ऐनको वास्तविक कार्यन्वयन गर्न निर्मित यो स्थानीय पाठ्यक्रम विकास गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ (दोस्रो संस्करण) को मार्गदर्शन र आधारभूत तह कक्षा १-३, कक्षा ४-५, कक्षा ६-८ को पाठ्यक्रम र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ समेतलाई आधार मानिएको छ । आधारभूत तह (कक्षा १-३), मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषाका लागि ५ पाठ्यघण्टा, वार्षिक १६० कार्यघण्टा, आधारभूत तह (कक्षा ४-८) पाठ्यक्रममा मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषाका लागि ४ पाठ्यघण्टा र वार्षिक १२८ कार्यघण्टा निर्धारण गरिएको छ । स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, संस्कृत भाषाको ज्ञान, सिप र प्रविधिसम्बन्धी विषयवस्तु समेत समेट्न सकिने छ । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय तहको सहयोग र समन्वयमा कार्यान्वयन गर्न सक्ने प्रावधान रहेको छ । यसैलाई आधार मानी स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री स्थानीय तहले स्थानीय विज्ञ, बुद्धिजीवी, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयन गर्न लागेको हो ।

पाठ्यक्रम निर्माण हुनु मात्रै महत्त्वपूर्ण कार्य होइन । यसको प्रभावकारी कार्यन्वयन भयो भने मात्र अपेक्षित सक्षमता/उद्देश्यहरू हासिल हुन सक्दछन् । तसर्थ यो पाठ्यक्रमको प्रभावकारी कार्यन्वयनमा सम्बद्ध सरोकारवालाहरू र सबै पक्षको सक्रिय सहभागिता हुनु जरूरी छ । त्यसका निम्ति सिक्नका लागि सिकाउने वैयक्तिक शिक्षण र नवीन शैलीहरू अवलम्बन गरी सिकाइ सहजीकरण गर्नुपर्दछ । यो पाठ्यक्रमको प्रभावकारी कार्यन्वयनमा स्थलगत भ्रमण र परियोजना कार्य ज्यादै महत्त्वपूर्ण रहनेछ । यी सबै पक्षलाई आत्मसात गरी यो पाठ्यक्रम तयार गरिएको छ । तसर्थ यो पाठ्यक्रमले चौरीदेउराली गाउँपालिकाको शिक्षालाई व्यवहारिक, रोजगारमूलक, जीवन उपयोगी र सान्दर्भिक बनाउन सफल हुनेछ भन्ने कुरामा पूर्ण विश्वस्त छौं ।

निर्धारित समयावधि भित्र पाठ्यक्रम मस्यौदा समिति गठन, विज्ञहरूसँगको परामर्श, सरोकारवालाहरूसँग सुझाव सङ्कलन एवम् प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवी, समाजसेवी र संघ संस्थाका प्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यशाला लगायतका महत्त्वपूर्ण कार्य प्रक्रिया अवलम्वन गरी व्यापक छलफल र बहस पश्चात् यो पाठ्यक्रम तयार भएको छ । यस प्रक्रियामा सक्रिय सहभागी यस गाउँपालिकाका जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, समाजसेवी, राजनीतिक, आर्थिक र सामाजिक जीवनका प्रबुद्ध व्यक्तित्वहरू समेतको सहभागिता प्रति गाउँपालिका सबैमा विशेष धन्यवाद ज्ञापन गर्दछ । यो पाठ्यक्रमको मस्यौदा निर्माण समितिका संयोजक श्री टोपप्रसाद अधिकारी, सदस्यहरू श्री राजु चौलागाई, श्री राजीव लामा, श्री बेल बहादुर प्रधान, श्री काली प्रसाद पाण्डे, श्री गंगा बहादुर लामा, श्री छविलाल गौतम, श्री वलराम खरेल, श्री टेक बहादुर लामा, श्री बलराम चौलागाई रहनुभएको थियो । पाठ्यक्रमलाई मुर्तरूप दिन महत्वपूर्ण योगदान पुर्‍याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री रेणुका चौलागाई, उपाध्यक्ष श्री शेरबहादुर लामा (तामाङ), शिक्षा विकास तथा समन्वय ईकाइ, मकवानपुरका प्रमुख श्री दिनानाथ गौतम, प्रमुख प्रशासकीय अधिकृत श्री महान दास लामा र स्टारलाइन मल्टी कन्सलटेन्सीका प्रबन्धक जितराम लामा लगायत पाठ्यक्रम निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिन चाहन्छौ ।

अन्त्यमा, यस गाउँपालिकाले निर्माण गरेको यो पाठ्यक्रमलाई चौरीदेउराली गाउँपालिकामा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बद्ध सरोकारवाला पक्ष सबैको अहम् भूमिका रहने अपेक्षा गरिएको छ । यस पाठ्यक्रमको समसामयिक सुधारका लागि सबैसँग रचनात्मक राय, सल्लाह र सुझावको अपेक्षा गर्दछौं ।

**चौरीदेउराली गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**ढाँडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक**

# दुई शव्द

विभिन्न समयमा भएका राजनैतिक परिवर्तन, जनयुद्ध र जनआन्दोलनले शिक्षा जगतमा पनि व्यापक परिवर्तन र फेरबदल ल्याएको छ । तिनै परिवर्तनलाई संस्थागत गर्न तथा लागु गर्न समय-समयमा पाठ्यक्रम निर्माण, परिवर्तन तथा आवश्यक संसोधन भइरहेको छ । यसै सन्दर्भमा संघीयताको प्रत्यक्ष अनुभुति गराउन, स्थानीय आवश्यकता, परम्परा, कला-संस्कृति, आर्थिक गतिविधि, भौगोलिक जानकारी, असल अभ्यासहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन तथा ज्ञान, सीप र विद्धताका साथै घटना तथा परिघटनालाई आधार बनाएर स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । चौंरीदेउराली गाउँपालिकाका अभिभावक, वुद्धिजीवी, स्थानीय विज्ञ, शिक्षक, कार्यरत संघ-संस्था, विद्यार्थी, राजनैतिक दल लगायत अन्य सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा तयार गरिएको यस हाम्रो चौंरीदेउराली स्थानीय पाठ्यक्रम कक्षा (१-८) ले विद्यालय शिक्षालाई यहाँको स्थानीय विविधता र आवश्यकतासँग साक्षातकार गरी प्रतिविम्वको रुपमा उतार्ने प्रयत्न गरिएको छ ।

यस पाठ्यक्रम निर्माणमा लाग्नु भएका सम्पूर्ण शिक्षक, विद्यालय, विज्ञ समूह र सरोकारवालाहरु प्रति गाउँपालिका हार्दिक आभार व्यक्त गर्दछ । यस स्थानीय पाठ्यक्रमलाई आधार बनाएर पाठ्यपुस्तक लेखन समेत हुने भएकोले यस कार्यमा सबैको सहयोग तथा सल्लाह सुझावको अपेक्षा सहित यसलाई व्यवहारमा उतारी चौंरीदेउरालीको पहिचान, उन्नती र प्रगतिको माध्यम बनाउन लाग्नुहुनेछ भन्ने अपेक्षा सहित सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

अध्यक्ष
**रेणुका चौलागाई**
चौंरीदेउराली गाउँपालिका
ढाडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक

# बिषय-सूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रिया | १ |
| ३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता | १ |
| ४. तहगत सक्षमता | २ |
| ५. कक्षागत सिकाइ उपलब्धि | ३ |
| ६. विषयवस्तुको क्षेत्र, क्रम र कार्य घण्टा | ७ |
| ७. विषय वस्तुको विस्तृतीकरण (कक्षा १) | ८ |
| ८. विषय वस्तुको विस्तृतीकरण (कक्षा २) | १२ |
| ९. विषय वस्तुको विस्तृतीकरण (कक्षा ३) | १७ |
| १०. विषय वस्तुको विस्तृतीकरण (कक्षा ४) | २२ |
| ११. विषय वस्तुको विस्तृतीकरण (कक्षा ५) | २७ |
| १२. विषय वस्तुको विस्तृतीकरण (कक्षा ६) | ३२ |
| १३. विषय वस्तुको विस्तृतीकरण (कक्षा ७) | ३७ |
| १४. विषय वस्तुको विस्तृतीकरण (कक्षा ८) | ४० |
| १५. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया | ४४ |
| १६. विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू | ४४ |
| १७. मूल्याङ्कनका तरिका र साधन | ४५ |
| १८. अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग | ४७ |
| १९. विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन | ४७ |
| २०. आधारभूत तह (कक्षा ६-८) विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ४९ |

**१. परिचयः**

पाठ्यक्रम शिक्षण सिकाइ कार्यलाई व्यवस्थित र निर्देशित गर्ने गतिशील दस्ताबेज (Dynamic Document) हो । केन्द्रले निर्माण गर्ने पाठ्यक्रमले सबै स्थानीय विविधता समेट्न नसक्ने कुरा निश्चित नै छ । विविधतायुक्त हाम्रो देशमा स्थानीय विशेषतालाई समेट्न नसकिए सङ्घीयता र शैक्षिक विकेन्द्रीकरणको मर्मलाई सम्बोधन गर्न सकिदैन । स्थानीय पाठ्यक्रम नै गाउँपालिकाको शैक्षिक विकासको पहिलो आधार हो । यसै तथ्यलाई दृटिगत गरी स्थानीय आवश्यकता र चाहनाअनुरूप स्थानीय पाठ्यक्रम तयार गरिएको छ ।

यसको कार्यान्वयनमा स्थानीय सरोकारवालालाई संलग्न गराउँदै सिकाइ सहजीकरण प्रक्रियामा स्थानीय साधन, स्रोत र विज्ञतालाई यथासम्भव उपयोग गरिन्छ । यस विषयलाई स्थानीय पाठ्यक्रमको मुख्य अङ्गको रूपमा अध्यापन गर्नुको उद्देश्य स्थानीय ज्ञान, सीप, सामग्री र प्रविधिको विकास गराउँदै उत्कृष्ठ नागरिक तयार गर्नु हो । त्यसैले यस पाठ्यक्रमलाई मूलत : स्थानीय आवश्यकता र सीप विकासका पक्षमा केन्द्रित गरिएको छ । त्यसका लागि यस पाठ्यक्रमले निम्नलिखित पक्षहरूमा जोड दिएको छ ।

(क) सक्षमता (Competency) मा आधारित सिपगत पाठ्यवस्तुको छनोट र स्थानीय विशिष्टता कायम गर्ने

(ख) स्थानीय ज्ञान (Knowledge) सिप (Skill), प्रविधि(Technology), बुद्धि (Wisdom) मा आधारित विधाहरूको क्षेत्र र क्रमलाई निर्धारण गर्ने

(ग) विषयवस्तुहरूलाई क्रियाकलापमुखी, सूचना प्रविधिमा आधारित र स्थलगत अवलोकनका आधारमा शिक्षण गर्ने

(घ) पाठ्यक्रमलाई सान्दर्भिक, गतिशील, जीवन्त, उपयोगी र व्यवहारिक बनाउने ।

**२. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रियाः**

पाठ्यक्रममा सिकारूका लागि स्थानीय आवश्यकता र सन्दर्भमा आधारित विषयवस्तु समावेश गर्न सकेमा मात्र त्यो पाठ्यक्रम प्रभावकारी बन्न सक्छ । स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणालाई स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place-based education theory) अनुरूप विश्लेषण गर्न सकिन्छ । यसले वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्छ भन्ने मान्यता राख्दछ । स्थानीय पाठ्यक्रमलाई स्थान विशेषमा आधारित पाठ्यक्रम Area Based Curriculum) का रूपमा पनि लिइन्छ । त्यस्तै समाजिक पुर्नसंरचनावादी सिद्धान्त (Social Reconstructivism Theory) ले पाठ्यक्रम निर्माणमा सामाजिक आवश्यकता, सामाजिक मुद्दा, सामयिक विचार र भविष्यपरक आशा उल्लेख गर्नुपर्ने कुरामा जोड दिन्छ । यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, साँस्कृतिक, भाषिक, धार्मिकलगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ । स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि प्रधानाध्यापक र शिक्षकहरूसमेतको कार्यदल निर्माण गरी विषयवस्तु संकलन गर्नुका साथै गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा सदस्यहरू, विद्यालयका शिक्षकहरू, स्थानीय बुद्धिजीवी तथा गैर सरकारी संघसंस्थाहरूको प्रतिनिधित्व गराई सुझाव संकलन गरिएकोछ । गाउँपालिकाद्वारा आयोजना गरिएको कार्यशालामा स्थानीय विषय विज्ञहरू तथा मुख्य सरोकारवालाहरूको छलफल र अन्तरक्रियाबाट यो पाठ्यक्रमको विकास गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि कक्षा १–५, २०८१ मा कक्षा ६, २०८२ मा कक्षा ७ र २०८३ मा कक्षा ८ मा क्रमशः लागू हुनेछ ।

**३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यताः**

प्रत्येक क्षेत्रको आ-आफ्नै विशिष्ट पहिचान रहेको हुन्छ । त्यसैगरी भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता पनि हुन्छ । विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सिप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न स्थानीय परिवेशअनुसारको स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु आजको आवश्यकता हो । स्थानीय विषयवस्तु, स्थानीय स्रोत साधन, जनशक्ति आदिको उपयोग हुने भएकाले यसको औचित्य निम्नानुसार छन् :

(क) स्थानीय भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।
(ख) स्थानीय क्षेत्रको समग्र परिचय र महत्त्व वर्णन गर्न ।
(ग) स्थानीय कला कौशल, संस्कृति, पर्यटकीय क्षेत्र, पेसा, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यस अनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन ।
(घ) स्थानीय क्षेत्रमा भएका स्रोत र साधनको अधिकतम परिचालन गर्न ।
(ङ) विद्यार्थीहरूमा स्वास्थ्य, सरसफाइ, स्थानीय मूल्य मान्यता, नैतिकता र सदाचारी बानीको विकास गर्न ।
(च) स्थानीय क्षेत्रमा भएका परम्परागत खेलकुद तथा बाजागाजा र सङ्गीतको प्रवर्धन गर्न ।
(छ) स्थानीय क्षेत्रमा हुनसक्ने प्रकोप, विपद् र जोखिम न्यूनीकरणमा सहयोग गर्न ।
(ज) स्थानीय क्षेत्रमा गरिने कृषि, पशुपालन आदि कार्य गर्ने सीप र बजारीकरणमा सहयोग गर्न ।
(झ) स्थानीय प्रविधिको उजागर गरी तिनको संरक्षण र संवर्धन गर्न ।

**४. तहगत सक्षमताः**

**४.१ कक्षा १–३ को सक्षमताः**

यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूले निम्न लिखित सक्षमता हासिल गर्नेछन् :

- आफू बसेको ठाउँ, टोल, वडा र गाउँपालिकाको नाम र पहिचान
- स्थानीय क्षेत्रमा भएका जलस्रोतको पहिचान र उपयोगको सीप
- स्थानीय जातजाति, भाषा, वेषभूषा, संस्कृतिको पहिचान, सम्मान र चाडपर्वमा सहभागिता
- स्थानीय क्षेत्रमा खेलिने खेलहरूको अभ्यास र खेल सामग्रीहरूको उचित प्रयोग
- स्थानीय सेवामूलक संघ संस्थाको पहिचान
- प्रकोप र विपद्को पहिचान र सावधानी
- स्थानीय व्यापार व्यवसाय र उद्योगको पहिचान
- स्थानीय क्षेत्रमा पाइने बोटविरूवा र जीवजन्तुको पहिचान, उपयोग र संरक्षणमा सहभागिता
- स्थानीय कृषि तथा पशुपक्षीको पहिचान
- सञ्चार तथा सूचना प्रविधि र स्थानीय प्रविधिको पहिचान

**४.२ कक्षा ४–५ को सक्षमता**

यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा ४ र ५ का विद्यार्थीहरूले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

- आफ्नो गाउँपालिका र छिमेकी गाउँपालिकाको पहिचान
- गाउँपालिकाको सामान्य ऐतिहासिक र भौगोलिक परिचय
- स्थानीय पानीका मुहान, सिमसार क्षेत्रको पहिचान, उपयोग, महत्वबोध र संरक्षणमा सहभागिता
- स्थानीय जातजातिको भाषा, वेषभूषा, बाजागाजा, संस्कृतिको महत्वबोध र सम्मान
- स्थानीय मेलाजात्रा, चाडपर्वको पहिचान र सहभागिता
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको पहिचान र संरक्षणमा सहभागिता
- स्थानीय क्षेत्रमा परम्परागत रूपमा खेलिने खेलहरू र सामान्य योगको अभ्यास
- स्थानीय सामाजिक संघसस्था तथा व्यक्तिको समुदायमा योगदान र अनुसरण
- भूक्षय, बाढी, आगलागी, चट्याङ, पहिरो, भूकम्प जस्ता प्रकोपबाट सावधानी तथा सुरक्षाका उपायहरूको अवलम्बन
- स्थानीय क्षेत्रमा पाइने औषधिजन्य बोटविरूवा र वन्यजन्तुको पहिचान, उपयोग र संरक्षणमा सहभागिता
- स्थानीय क्षेत्रमा गरिने कृषि, पशुपालन आदि कार्य गर्ने सीप र बजारीकरणमा सहयोग
- सञ्चार तथा सूचना प्रविधि र स्थानीय प्रविधिको पहिचान र संरक्षण

**४.३ कक्षा ६-८ को सक्षमताः**

यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरूले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

- गाउँपालिकाको भौगोलिक अवस्थिति, गठन, काम, कर्तव्य र अधिकार तथा गाउँपालिकाको नक्सा निर्माणको सामान्य सीप
- गाउँपालिकामा भएका विकास निर्माणका काम, ऐन, कानुनको परिचय र यसले प्रदान गर्ने सेवा सुविधाहरूको उपभोग
- स्थानीय क्षेत्रको जलस्रोत तथा खनिज पदार्थहरूको संरक्षण र सहभागिता
- स्थानीय जातजातिको भाषा, संस्कृति, चाडपर्व, वेषभूषाको महत्त्वबोध, सम्मान र संरक्षण
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको पहिचान, महत्व बोध र संरक्षण
- स्थानीय स्तरमा खेलिने खेल, योग तथा व्यायाम र सरसफाइबाट हुने फाइदा
- भूक्षय, बाढी, पहिरो, आगलागी, चट्याङ, भूकम्प जस्ता प्रकोपबाट सावधानी तथा सुरक्षाका उपायहरूको अवलम्बन
- स्थानीय उत्पादनको प्रर्वधन र बजारीकरण सम्बन्धी सीप
- स्थानीय क्षेत्रमा भएका वन, जडिबुटी र वन्यजन्तुहरूको उपयोग, व्यवस्थापन र संरक्षणमा सहभागिता
- स्थानीय क्षेत्रमा गरिने कृषि, पशुपालन आदि कार्य गर्ने सीप र बजारीकरणमा सहयोग
- सञ्चार तथा सूचना प्रविधि र स्थानीय प्रविधिका साधनहरूको प्रयोग र यसले सामाजिक र आर्थिक विकासमा पारेको प्रभाव

**५. कक्षागत सिकाइ उपलब्धिः**

**कक्षा १**

१. आफू बसेको ठाउँको परिचय दिन
२. स्थानीय खोलानाला र पानीका स्रोतहरूको नाम बताउन
३. आफ्नो परिवारमा मनाइने चाडपर्वका सम्बन्धमा सामान्य कुराकानी गर्न
४. आफू बसेको ठाउँ वरिपरिका मठ, मन्दिर, गुम्बा र चर्च, डाँडा र पोखरीहरूको नाम भन्न
५. आफ्नो छिमेकमा रहेका स्थानीय पेसा तथा व्यावसायहरूको सामान्य नाम भन्न
६. स्थानीय स्तरमा खेलिने खेलकुदको नाम भन्न र व्यक्तिगत सरसफाइका सामानका नाम भन्न
७. स्थानीय सेवामूलक संघसंस्थाका नाम बताउन
८. आगलागी, चट्याङ, बाढीपहिरो लगायतका स्थानीय स्तरमा घट्न सक्ने प्रकोप सम्बन्धी दृष्य पहिचान गर्न
९. स्थानीय बोटबिरूवा र वन्यजन्तुको नाम बताउन
१०. बोट र फल हेरेर आफ्नो वरपर रहेका तरकारी, फलफुल, अन्नबालीको नाम पहिचान गर्न
११. वरपर पाइने पशुपंक्षीको नाम बताउन
१२. दैनिक जीवनमा प्रयोग हुने सञ्चारका माध्यमहरूको नाम बताउन

**कक्षा २**

१. आफ्नो वडाको सामान्य परिचय दिन
२. आफ्नो वडामा रहेका खोलानाला, पानीका स्रोतहरूको नाम बताउन
३. आफ्नो छरछिमेकमा बसोबास गर्ने जातजातिहरूको सूची तयार गर्न
४. आफ्नो समुदायमा मनाइने चाडपर्वका सम्बन्धमा सामान्य कुराकानी गर्न
५. स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको पहिचान गर्न
६. आफ्नो छिमेकका मानिसले गर्ने पेसा र तिनका काम बताउन स्थानीय स्तरमा खेलिने खेलहरू र खेल्ने तरिका बताउन व्यक्तिगत सरसफाइका तरिका बताउन

७. स्थानीय सेवामूलक संघसंस्थाका नाम बताउन
८. आगलागी, चट्याङ, बाढीपहिरो लगायतका स्थानीय स्तरमा घट्न सक्ने प्रकोप सम्बन्धी दृष्य पहिचान गर्न
९. स्थानीय बोटबिरूवा र वन्यजन्तुको नाम बताउन
१०. बोट र फल हेरेर आफ्नो वरपर रहेका तरकारी, फलफुल, अन्नबालीको नाम पहिचान गर्न
११. वरपर पाइने पशुपंक्षीको नाम बताउन
१२. दैनिक जीवनमा प्रयोग हुने सञ्चारका माध्यमहरूको नाम बताउन

**कक्षा ३**

१. गाउँपालिकाको सामान्य परिचय दिन
२. गाउँपालिकामा रहेका जङ्गल तथा खोलानालाको परिचय दिन
३. गाउँपालिका भित्र बस्ने जातजातिहरू र उनीहरूको मुख्य चाडपर्व पहिचान गर्न र बाजागाजाको सामान्य परिचय दिन
४. आफ्नो गाउँपालिकाभित्र रहेका मठ, मन्दिर, गुम्बा, चर्च, डाँडा र थुम्का आदिलाई सम्पदाको रूपमा पहिचान गर्न
५. स्थानीय स्तरमा खेलिने खेलहरूबाट हुने फाइदा बताउन र सहभागी हुन र व्यक्तिगत सरसफाइमा सहभागी हुन
६. स्थानीय सेवामूलक संघसंस्था, सहकारी र समाजसेवी व्यक्तिको परिचय दिन
७. आफ्नो घर तथा विद्यालयमा रहेका विपद् जोखिमको पहिचान गर्न
८. आफ्नो समुदाय वरपर रहेका उद्योग तथा व्यवसायहरूबाट उत्पादित वस्तुहरूको पहिचान गर्न
९. आफ्नो वरपर पाइने रूख बिरूवाको पहिचान गर्न र स्थानीय स्तरमा पाइने जंगली जनावर र तिनबाट बच्ने उपाय बताउन
१०. आफ्नो घर विद्यालयमा गरिएको फलफुल, अन्नबाली, मसला र तरकारी खेतीको हेरचाहमा सहयोग गर्न
११. गाउँघरमा पालिएका पशुपंक्षीको खाना बताउन
१२. सञ्चार तथा सूचना प्रविधि र स्थानीय प्रविधिको परिचय दिन

**कक्षा ४**

१. गाउँपालिकाको नाम चौँरीदेउराली रहनुको ऐतिहासिक तथ्य बताउन
२. गाउँपालिकाको सिमानामा पर्ने अन्य स्थानीय पालिकाहरूको नाम बताउन
३. स्थानीय नदी, वन, खानी र जडीबुटीहरूलाई प्राकृतिक सम्पदाको रूपमा पहिचान गर्न
४. गाउँपालिका भित्र बस्ने विभिन्न जातजातिहरूले मनाउने मुख्य चाडपर्व र संस्कारको परिचय दिन र सहभागी हुन
५. स्थानीय धार्मिक, ऐतिहासिक पार्क गेट तथा पर्यटकीय स्थलहरूको परिचय दिन
६. स्थानीय उद्योगहरू अवलोकन गरी यसमा प्रयोग हुने कच्चा पदार्थ र उत्पादन हुने सामान समेटी सामान्य परियोजना कार्य गर्न
७. स्थानीय स्तरमा खेलिने खेलहरू र सरसफाइमा सक्रिय रूपमा सहभागी हुन
८. स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति र शहीदहरूको परिचय दिन
९. घर तथा विद्यालयमा घट्न सक्ने सम्भावित जोखिम पहिचान गरी त्यसप्रति सजग रहन
१०. स्थानीय वनमा पाइने रूख बिरूवा र वन्यजन्तुहरूको सूची तयार गर्न
११. आफ्नो घर विद्यालयमा गरिएको फलफुल, अन्नबाली, तरकारी, मसलाबाली खेती कार्यमा सहभागी हुन
१२. पशुपंक्षी पालनलाई व्यवसायको रूपमा पहिचान गर्न
१३. सञ्चार तथा सूचना प्रविधिका साधनहरूको महत्व उल्लेख गर्न र स्थानीय प्रविधिको पहिचान गरी त्यसको उपयोग गर्न

कक्षा ५

१. गाउँपालिकाको क्षेत्रफल बताउन र नक्सा हेरी साँध सिमाना छुट्टयाउन
२. वडागत रूपमा जातिगत वितरण र तिनको जनसंख्या बताउन
३. स्थानीय प्राकृतिक स्रोतहरूको प्रयोगवाट समुदायलाई भएको फाइदा बताउन
४. समुदायमा प्रचलित भाषा, वेशभूषा, चाडपर्व र संस्कारहरूको संरक्षणमा सहयोग गर्न
५. स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको सूची तयार गर्न
६. स्थानीय उद्योग तथा व्यवसायहरूको स्थलगत भ्रमण गरी त्यहाँ प्रयोग हुने कच्चा पदार्थ, उत्पादन हुने सामग्री र जनशक्ति आदि समेटी प्रतिवेदन तयार गर्न
७. स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय दिई यसबाट हुने फाइदा बताउन र खेल तथा सरसफाइमा सहभागी हुन
८. स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति र जनयुद्धका शहीदहरूको योगदान बताउन
९. वरपरका विपद् जोखिमका कारण र न्यूनीकरण गर्ने उपायहरू बताउन
१०. स्थानीय वनजङ्गलवाट पाउन सकिने फाइदा व्याख्या गर्न
११. वनजङ्गल तथा वन्यजन्तुबाट बच्ने उपाय र संरक्षणमा स्थानीयको भूमिका बताउन
१२. आफ्नो घर र विद्यालयमा गरिने फलफुल, अन्नबाली, तरकारी र मसलाबाली खेती कार्यमा सकेको सहयोग गर्न
१३. घरपालुवा पशुपंक्षीहरूको हेरचाह र सुरक्षा गर्न
१४. सञ्चार तथा सूचना प्रविधिका साधनहरूको महत्त्व र उपयोगिता उल्लेख गरी स्थानीय प्रविधिको संरक्षणमा सहभागी हुन

कक्षा ६

१. गाउँपालिकाको भौगोलिक अवस्थिति बताउन
२. आफ्नो गाउँपालिकाको वडागत रूपमा जातिगत वितरण र तिनको जनसंख्या बताउन
३. स्थानीय प्राकृतिक स्रोतहरूको प्रयोगबाट गाउँपालिकालाई भएको फाइदा बताउन र यसको संरक्षण गर्न
४. समुदायमा प्रचलित मूल्य मान्यता र संस्कारहरूको जानकारी लिन र यसको संरक्षणमा सहयोग गर्न
५. स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको पहिचान गर्न र स्थलगत भ्रमण गरी सामान्य प्रतिवेदन तयार गर्न
६. स्थानीय उद्योग तथा व्यवसायहरूबाट उत्पादन हुने सामग्रीको प्रयोग गर्न र यस्ता कार्यमा सहयोग पुर्‍याउन
७. स्थानीय स्तरमा खेलिने खेलहरूलाई व्यावसायिक रूपमा विकास गरी राष्ट्रिय रूपमा पहिचान गराउन र चर्पी, धारा तथा वरपरको वातावरण सफा राख्न र पिउने पानी सुरक्षित राख्न
८. स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति, जनयुद्धका शहीद र बेपत्ताहरूको योगदान बताउन र प्रेरणा लिन
९. विपद् जोखिमका कारण तथा न्यूनीकरण गर्ने उपायहरू बताउन र अभ्यास गर्न
१०. स्थानीय वनजङ्गलवाट पाउन सकिने फाइदा व्याख्या गर्न र तिनको संरक्षणमा समुदायको भूमिका बताउन
११. मौसमअनुसार गरिने फलफुल, तरकारी, अन्नबाली र मसला खेतीका लागि माटोको तयारी गर्न, माटो संरक्षण गर्ने तरिका बताउन
१२. तरकारी, अन्नबाली र मसला खेतीका लागि मौसमको पहिचान गर्न, बिउ छनोट गर्न र सिंचाइ गर्ने तरिका बताउन र त्यस्ता कर्यमा सकेको सहयोग पुर्‍याउन
१३. घरपालुवा पशुपंक्षीहरूको पालन, हेरचाह र सुरक्षा गर्न
१४. सञ्चार तथा सूचना प्रविधिका साधनहरूको प्रयोग र यसले पारेको सकारात्मक र नकारात्मक प्रभाव उल्लेख गर्न

**कक्षा ७**

१. गाउँपालिकाको गठन, काम, कर्तव्य र अधिकार उल्लेख गर्ने
२. आफ्नो गाउँपालिकामा भएका विकास निर्माणका कामहरू प्रस्तुत गर्ने
३. प्राकृतिक स्रोतहरूको प्रयोगबाट स्थानीय समुदाय र गाउँपालिकालाई भएको फाइदा बताउन र तिनको संरक्षण गर्ने
४. समुदायमा प्रचलित चाडपर्व र संस्कारहरूमा सहभागी हुन र मूल्य मान्यता संरक्षणमा सहयोग गर्ने
५. स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको वर्णन गर्ने
६. स्थानीय उत्पादन, उद्योग तथा व्यवसायहरूको पेसागत विकास गरी आय आर्जनमा सहभागी हुन
७. स्थानीय स्तरमा खेलिने खेल, योग तथा व्यायामको परिचय दिई खेल र सरसफाइबाट हुने फाइदा बताउन
८. स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति जनयुद्धका शहीद र बेपत्ताहरूको योगदान बताउन तथा सम्मान व्यक्त गर्ने
९. विपत जोखिमका कारण, न्यूनीकरण गर्ने उपायहरू र त्यसबाट बच्ने उपायको अभ्यास गर्ने
१०. वनजङ्गल, जडीबुटी तथा वन्यजन्तु संरक्षणमा स्थानीय समुदाय र सरकारी तथा गैरसरकारी संस्थाको भूमिका उल्लेख गर्ने
११. मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन र सुख्खा तरकारी तयारी र भण्डारण कार्यमा सहयोग पुर्‍याउन
१२. आफ्नो घर र विद्यालयमा गरिने अन्नबाली र मसला खेती, प्राङ्गारिक मलको प्रयोग र त्यस्ता कार्यमा सकेको सहयोग गर्ने
१३. घरपालुवा पशुपंक्षीहरूको लागि सन्तुलित आहारको जानकारी प्रस्तुत गर्ने
१४. सञ्चार तथा सूचना प्रविधिका साधनहरूको प्रयोग र यसले मानव जीवनमा पारेको प्रभाव उल्लेख गर्ने

**कक्षा : ८**

१. स्थानीय ऐन र कानुनको परिचय दिन र यसको कार्यान्वयनमा स्थानीय तह र राजनीतिक दलको भूमिका उल्लेख गर्ने
२. विकासको अवधारणा बताई गाउँपालिकामा भएका प्रमुख विकासका कार्यहरू र यसले मानव जीवनमा पारेको प्रभाव उल्लेख गर्ने
३. प्राकृतिक स्रोतहरूको सम्भाव्यता बताउन र स्थानीय समुदायलाई भएको फाइदा र तिनको संरक्षण गर्ने
४. आफ्नो गाउँपालिकामा प्रचलित धार्मिक संस्कारहरूमा सहभागी हुन, तिनको पालना र अनुसरण गर्ने
५. स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको संरक्षण र संवर्धन गर्ने
६. कृषि र गैर कृषिमा आधारित साना उद्योग तथा व्यवसायहरूको परिचय दिन
७. राष्ट्रपति रनिङ शिल्ड र अध्यक्ष गोल्डकप खेलको परिचय दिई त्यसको महत्त्व उल्लेख गर्ने र सरसफाइको महत्त्व उल्लेख गर्ने
८. स्थानीय समाजसेवी व्यक्ति, जनयुद्धका शहीद र बेपत्ताहरूको योगदान बताउन, प्रेरणा लिन र सम्मान व्यक्त गर्ने
९. स्थानीय वनजङ्गल, जडीबुटी र वन्यजन्तुको वर्तमान अवस्था र संरक्षणमा गाउँपालिकाको भूमिका उल्लेख गर्ने
१०. विपत जोखिमका लागि आपतकालीन योजना निर्माण गर्ने र त्यसको अभ्यास गर्ने
११. मौसमअनुसार गरिने फलफुल, तरकारी, मसलाबालीको उत्पादन, भण्डारण र बजार व्यवस्थापन गर्ने
१२. घुम्ती अन्नबाली खेती, मलको प्रयोग र सिँचाइको व्यवस्था र त्यस्ता कार्यमा सहभागी हुन
१३. घरपालुवा पशुपंक्षीहरूमा लाग्ने सामान्य रोगहरूको लक्षण पहिचान गर्ने र उपचार गर्ने तरिका बताउन
१४. सञ्चार तथा सूचना प्रविधिका साधनहरूको प्रयोग र यसले सामाजिक र आर्थिक विकासमा पारेको प्रभाव उल्लेख गर्ने

६. विषय वस्तुको क्षेत्र, क्रम र पाठ्यभारः

| क्र. सं. | क्षेत्र | कार्य घण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-८ |
| १ | हाम्रो गाउँपालिका | १० | ८ | ८ |
| २ | स्थानीय प्राकृतिक स्रोत र सम्पदा | १५ | १२ | १२ |
| ३ | स्थानीय जातजाति भाषा, भेस भूषा, संस्कार र चाडपर्व | १५ | १२ | १२ |
| ४ | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल | १५ | १२ | १२ |
| ५ | स्थानीय पेशा र व्यवसाय | १५ | १२ | १२ |
| ६ | स्थानीय खेलकुद योग व्यायाम सरसफाइ | १० | ८ | ८ |
| ७ | स्थानीय सेवामूलक संघ -संस्था, सहकारी, समाजसेवी व्यक्ति र स्थानीय शहिदहरु | १५ | १२ | १२ |
| ८ | विपद् तथा जलवायु परिवर्तन | १० | ८ | ८ |
| ९ | स्थानीय वन तथा वन्यजन्तु | १५ | १२ | १२ |
| १० | क. कृषि (फलफुल, अन्नबाली, तरकारी, मसलाबाली) | १५ | १२ | १२ |
| | ख. पशुपंक्षी पालन | १५ | १० | १० |
| ११ | सूचना तथा प्रविधि | १० | ८ | ८ |
| | जम्मा | १६० | १२८ | १२८ |

### ७.१ विषय वस्तुको विस्तृतीकरण कक्षा १

| क्र. सं | विषयवस्तुको क्षेत्र/एकाइ | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | • आफू बसोबास भएको ठाँउको परिचय | • आफू बसोबास गरेको ठाउँको नाम<br>• आफू बसोबास गरेको टोलको नाम | • आफू बसोबास गरेको ठाँउको नामका सम्बन्धमा पहिले विद्यार्थीलाई सोध्ने र शिक्षकले बताइदिने<br>• विद्यार्थीलाई घेरामा राखी आफू बसेको टोलको नाम क्रमशः उच्चारण गर्न लगाउने | • आफू बसोबास गरेको ठाउँको नाम सम्बन्धी प्रश्नोत्तर गरेर<br>• तलको जस्तै नमुना प्रश्न बनाई विद्यार्थीको मूल्याङ्कन गरेर<br>(क) तिमी कुन ठाउँमा बस्छौ ? | १० |
| २ | स्थानीय प्राकृतिक स्रोत र सम्पदा | स्थानीय बोटबिरूवाहरु, खोलानाला र पानीका स्रोतहरूको नाम | • स्थानीय बोटबिरूवाहरु, खोलानाला (बह खोला चौँरी खोला, भालु खोला, वाफल खोला पानीका स्रोतहरु(कुवा, धारा), लगायत | • तपाँईको घर नजिक कुन कुन बोटबिरूवा छन् ? भनी प्रश्न सोध्ने र छलफल गर्ने<br>• बह खोला चौँरी खोला, भालु खोला वाफल खोलाका नाम बताइदिने<br>• तिम्रो वरपर भएका कुवा, धाराको नाम के हो भनी प्रश्न गर्ने । | • तिम्रो वरपरका एक एकवटा बोटबिरूवाको नाम भन ?<br>• तिम्रो वरपर भएका खोलाको नाम के हो ?<br>• तिम्रो वरपर भएका कुवा र धाराको नाम के हो ? | १५ |
| ३ | स्थानिय जातजाती भाषा, भेषभूषा, संस्कार र चाडपर्व | • आफ्नो परिवारमा मनाइने चाडपर्व | • परिवारमा मनाईने चाडपर्वको खाना, पहिरन | • विद्यार्थीहरूलाई आफ्नो परिवारमा मनाइने चाडपर्वको खाना, पहिरन र मुख्य क्रियाकलाप बारे सोध्ने<br>• विद्यार्थीलाई समूहमा विभाजन गरी आ–आफूले मान्ने चाडर्पको नाम, ती चाडपर्वमा खाइने खानेकुराका सम्बन्धमा घरमा सोधेर कक्षाकोठामा भन्न लगाउने | • चाडपर्वको खाना, पहिरन र मुख्य क्रियाकलापबारे प्रश्नहरु सोधेर<br>• चाडपर्वमा खाइने खानेकुराका सम्बन्धमा घरमा सोधेर आए नआएको मूल्याङ्कन गरेर | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल | ● वरपरका पोखरी, थुम्का र डाँडाहरू | ● आफ्नो वरपर रहेका देउपोखरी, नाग पोखरी, कोइली खोला बगर, सलम्बु गुम्बा,काफ्ले गुम्बा, मजुवा घ्याङ, बिङ्गटी मानेडाँडा काजी थुम्का आदि | ● बालबालिकाहरूलाई आफ्नो समुदाय आफ्नो विद्यालय र घर वरपर रहेका पोखरी, थुम्का र डाँडाहरूको नाम भन्न लगाउने र शिक्षकले पाटीमा नाम टिपोट गर्दै छलफल गर्ने । | ● आफ्नो घर वरपर रहेका पोखरी, थुम्का र डाँडाहरूको नाम भन्न लगाएर विद्यार्थीहरूको मूल्याङ्कन गर्ने | १५ |
| ५ | स्थानीय पेसा र व्यवसाय | आफ्नो छिमेकमा रहेका स्थानीय पेसा तथा व्यावसायहरूको सामान्य नाम | आफ्नो छिमेकमा रहेका स्थानीय पेसा तथा व्यावसायहरूको सामान्य नाम | सम्भव भएसम्म आफ्नो छिमेकमा रहेका स्थानीय पेसा तथा व्यावसायहरूको चित्रहरू देखाएर छलफल गराउने | आफ्नो छिमेकमा रहेका स्थानीय पेसा तथा व्यावसायहरूको सामान्य नाम सोधेर | १५ |
| ६ | स्थानीय खेलकुद योग व्यायाम सरसफाइ | ● स्थानीय स्तरमा प्रचलित खेलहरूको नाम र अभ्यास<br>● आफ्नो व्यक्तिगत शारीरिक सफाइका तरिका बताउन र अभ्यास गर्न | स्थानीय स्तरमा खेलिने खेलहरूको नाम र अभ्यास डण्डीबियो, रुमाल लुकाइ र लक्कुढलाइ, कवड्डी, चुङ्गी, गट्टी, भालेजुधाइ आदि ।<br>आफ्नो व्यक्तिगत शारीरिक सफाइका तरिका बताउन र अभ्यास गर्न | ● स्थानीय स्तरमा बालबालिकाहरूले खेल्ने खेलहरूको सूची तयार गरी नाम प्रस्तुत गर्ने ।<br>● रुमाल लुकाइ, लक्कुढलाइ आदि खेल सम्बन्धिका क्रियाकलापहरू विद्यार्थीहरूलाई सिकाउने र अभ्यास गराउने ।<br>● विद्यार्थीहरूलाई आफ्नो व्यक्तिगत शारीरिक सफाइको तरिका बताउने र अभ्यास गर्न लगाउने | ● विद्यार्थीहरूले घर तथा विद्यालयमा खेल्ने गरेका खेलहरूको नाम सोध्ने ।<br>● स्थानीय खेलहरू खेल्न लगाइ सीपको मूल्याङ्कन गर्ने ।<br>● आफ्नो व्यक्तिगत शारीरिक सफाइसम्बन्धी तरिका भन्न लगाइ मूल्याङ्कन गर्ने | १० |
| ७ | स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति र स्थानीय शहिदहरू | गाउँपालिकाभित्र भएका सेवामूलक संस्थाहरूको नाम | गाउँपालिका भित्र भएका सेवामूलक संस्थाहरूको नाम -विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, बालक्लब, आदि) | स्थानीय क्षेत्रमा विभिन्न सेवामूलक संघसंस्थाहरूको सूची बनाई चित्र सहित प्रस्तुत गर्ने र नाम बताइदिने । जस्तैः विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, आदि । | ● आफ्नो घर तथा विद्यालय नजिक भएका सेवामूलक संस्थाहरूको नाम सोध्ने । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | • सिर्जनात्मक सीपको मूल्याङ्कनका लागि आफ्नो विद्यालयको चित्र बनाउन लगाउने ।<br>• चित्रहरु प्रस्तुत गरी संस्थाहरु चिन्न लगाउने । | |
| ८ | विपद् तथा जलवायु परिवर्तन | • स्थानीय स्तरमा घट्न सक्ने प्रकोप | • बाढीपहिरो, आगलागी, चट्याङ, लगायतका स्थानीय स्तरमा घट्न सक्ने प्रकोप | • बाढीपहिरो, आगलागी, चट्याङ, लगायतका स्थानीय स्तरमा घट्न सक्ने प्रकोपहरुका चित्र/भिडियो देखाई पहिचान गर्न लगाउने | • जाडो समयमा लगाउने लुगाको नाम भन्न लगाउने ।<br>• गर्मी समयमा लगाउने लुगाको नाम भन्न लगाउने | १० |
| ९ | स्थानीय वन तथा वन्यजन्तु | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरु र वन्यजन्तुहरुको नाम | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको नाम<br>• स्थानीय वनमा पाइने वन्यजन्तुहरु(स्याल, चितुवा, सर्प, बाँदर, दुम्सी आदि) | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको चित्र देखाई नाम बताइदिने र विद्यार्थीहरुलाई पालैपालो भन्न लगाउने<br>• स्थानीय वनमा पाइने वन्यजन्तुहरु(स्याल, चितुवा, सर्प, बाँदर, दुम्सी आदिको तस्बिर देखाइ नाम बताइदिने | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको चित्र देखाइ नाम भन्न लगाएर<br>• स्थानीय वनमा पाइने वन्यजन्तुहरु( स्याल, चितुवा, सर्प, बाँदर, दुम्सी आदिको तस्बिर देखाइ नाम भन्न लगाएर | १५ |
| १० | १.कृषि (फलफुल, अन्नबाली, तरकारी,मसलाबाली) | • बोट र फल हेरेर आफ्नो वरपर रहेका तरकारी फलफुल र | • आफ्नो वरपर रहेका तरकारीहरु (मूला, फर्सि, गाजर, सिमी, बोडी, आदि) | • आफ्नो वरपर रहेका तरकारीहरु (मूला, फर्सि, गाजर, सिमी, बोडी, आदि) | • आफ्नो घरमा खाने तरकारीहरुको नाम सोधेर विद्यार्थीको मूल्याङ्कन गर्ने | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अन्नबालीका नाम पहिचान | • कागती, स्याउ, सुन्तला, खुर्पानी, केरा, नस्पाती, अम्बा लगायत<br>• धान, मकै, गहुँ, कोदो, फापर, जौ आदि | फल वा बोट देखाउँदै फलफुल पहिचान गर्न लगाउने र नाम भन्न लगाउने<br>• किवी, कागती, स्याउ, सुन्तला, खुर्पानी, केरा, नस्पाती, अम्बा लगायत फल वा बोट देखाउँदै फलफुल पहिचान गर्न लगाउने र नाम भन्न लगाउने<br>• धान, मकै, गहुँ, कोदो, फापर, जौ लगायत फल वा बोट देखाउँदै अन्नबाली पहिचान गर्न लगाउने (सम्भव भए खेतबारी मै लगेर पनि देखाउने) | • फल वा बोट( कागती, स्याउ, सुन्तला, खुर्पानी, केरा, नस्पाती, अम्बा) देखाउँदै फलफुलको नाम भन्न लगाएर<br>• फल वा बोट( धान, मकै, गहुँ, कोदो, फापर) देखाउँदै अन्नबालीको नाम भन्न लगाएर वा पहिचान गर्न लगाएर | |
| | २. पशुपंक्षी पालन | • वरपर पाइने पशुपंक्षीको नाम | • भेडाबाख्रा, गाई भैंसी, कुखुरा, मौरी, बंगुर, आदि | • विद्यार्थीहरूलाई आ–आ नो घरमा पालिएका पशुपंक्षीहरु( भेडाबाख्रा, गाईभैंसी, कुखुरा, मौरी, बंगुर) को नाम सोध्ने र छलफल गर्ने<br>• सम्भव भएमा विद्यालय वरपर भएका पशुंपक्षीहरूको बस्ने ठाँउको क्षेत्र भ्रमण गराउने र छलफल गर्ने | • पशुपंक्षी (भेडाबाख्रा, गाईभैंसी, कुखुरा, मौरी, बंगुर)को चित्र देखाई पहिचान गर्न लगाएर<br>• घरवरपर पालिएका पशुपंक्षीको नाम भन्न लगाउने | १० |
| ११ | सूचना तथा प्रविधि | • सञ्चार तथा सूचना प्रविधिका साधनहरू<br>• दैनिक जीवनमा प्रयोग हुने सञ्चारका माध्यमहरू | • सञ्चार तथा सूचना प्रविधिका साधनहरू<br>(मोबाइल, टेलिफोन, रेडियो, टेलिभिजन) | • विद्यार्थीहरूलाई मोबाइल, टेलिफोन, रेडियो, टेलिभिजनका चित्र/भिडियो देखाई नाम भन्न लगाउने | • मोबाइल, टेलिफोन, रेडियो, टेलिभिजनका चित्र देखाइ नाम भन्न लगाएर | १० |

## ७.२ विषय वस्तुको विस्तृतीकरण कक्षा २

| क्र.स | विषयवस्तुको क्षेत्र/एकाइ | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | • आफू बसेको वडाको सामान्य परिचय | • आफू बसेको वडाको सामान्य परिचय(नाम, सीमाना आदि) | • आफू बसेको वडाको सामान्य परिचय (नाम, सीमाना आदि) सम्बन्धमा विद्यार्थीलाई सोध्ने, विद्यार्थीहरूबाट उत्तर नआए शिक्षकले बताइदिने | • आफ्नो टोलको नाम र वडा नम्वर भन्न लगाएर | १० |
| २ | स्थानीय प्राकृतिक स्रोत र सम्पदा | • आफ्नो वडामा रहेका खोलानाला, पानीका स्रोतहरूको नाम बताउन<br>• काठ, दाउरा घाँस पाउने ठाउँको नाम | • खोलानाला (बह खोला चौँरी खोला, भालु खोला, वाफल खोला पानीका स्रोतहरु (कुवा, धारा), लगायत<br>• काठ, दाउरा घाँस पाउने ठाउँको नाम | • विद्यार्थीहरूलाई उनीहरु बसेको खोलानालाको नाम सोध्ने र अन्त्यमा बताइदिने<br>• तिम्रो वरपर भएका कुवा, धाराको नाम के हो भनी प्रश्न गर्ने ।<br>• तिम्रो घर नजिक कुन कुन वनजङ्गल छन् भनी प्रश्न सोध्ने र छलफल गर्ने | • तिम्रो वरपर भएका खोलाको नाम के हो ?<br>• तिम्रो वरपर भएका कुवा र धाराको नाम के हो ? | १५ |
| ३ | स्थानीय जातजाति भाषा, भेसभुषा, संस्कार र चाडपर्व | • आफ्नो छरछिमेकमा बसोबास गर्ने जातजातिहरु<br>• आफ्नो समुदायमा मनाइने चाडपर्वका सम्बन्धमा सामान्य कुराकानी गर्न | • छरछिमेकमा बसोबास गर्ने जातजातिहरु(बाहुन, क्षेत्री, नेवार, तामाङ, नेपाली, विश्वकर्मा)<br>• समुदायमा मनाइने चाडपर्व, (दशैँ, तिहार, ल्होसार, जनैपुर्णिमा) पहिरन र मुख्य क्रियाकलाप | • विद्यार्थीलाई पालैपालो आफ्नो जात भन्न लगाउने, शिक्षकले टिपोट गर्दै जाने, सबै जातको नाम उच्चारण गरी छिमेकमा भएका जातजातिहरु सम्बन्धी छलफल गर्ने<br>• विद्यार्थीलाई घेरामा राखी एक अर्काको टोलमा मनाइने चाडपर्व को सामान्य छलफल गर्न लगाउने<br>• स्थानीय चाडपर्व, मेलामा सहभागी गराई प्रत्यक्ष अनुभव प्राप्त गर्ने अवसर दिने | • छरछिमेकमा बसोबास गर्ने जातजातिहरु भन्न लगाएर<br>• समुदायमा मनाइने चाडपर्वको नाम भन्न र लेख्न लगाएर<br>• चाडपर्वमा खाइने खाना, लगाइने पहिरन र अन्य क्रियाकलाप सम्बन्धी प्रश्नोत्तर गरेर | १२ |
| ४ | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय | • आफ्नो वडामा रहेका पोखरी, | • आफ्नो वडामा रहेका पोखरी, | • आफ्नो वडामा रहेका पोखरी, थुम्का र डाँडाहरूको | • विभिन्न पोखरी र डाँडारूको चित्र देखाई | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थल | थुम्का र डाँडाहरूको अवस्थिति | थुम्का र डाँडशहाहरूको अवस्थिति | नाम भन्न लगाउने र सम्भव भए सम्म नजिकै रहेका त्यस्ता डाँडा पोखरीहरूको अवलोकन गराई छलफल गर्ने<br>• पोखरी, डाँडा  कुन ठाउँमा छ ? विद्यालयवाट कति टाढा छ ? अग्लो स्थानमा छ कि होचो ? आदि प्रश्नहरु छलफल गर्ने | विद्यार्थीहरूलाई पोखरी र डाँडा चिन्न लगाएर,<br>• नाम चलेका पोखरी र डाँडाको नाम र अवस्थिति भन्न लगाएर | |
| ५ | स्थानीय पेसा र व्यवसाय | • छिमेकमा रहेका मिल, फर्निचर, जाँतो, ढिकी, आरन लगायत स्थानीय उद्योगहरु | • आफ्नो समुदाय वरपर सञ्चालन भएका उद्योगहरु, बाँस तथा निगालोको सामग्री, फर्निचर, कुटनी पिसानी गर्ने मिलबाट उत्पादित वस्तुहरूको नाम र सामान्य परिचय | • समुदायमा संचालित उद्योगहरूले के कस्ता वस्तुहरूको उत्पादन गरिरहेका छन् भन्ने कुराहरु छलफल गराउने र सम्भव भए सम्म नजिकैको त्यस्ता उद्योगहरु को अवलोकन भ्रमण आयोजना गराई छलफल गर्ने<br>• स्थानीय उद्योगहरूको चित्र प्रस्तुत गर्दै त्यहाँबाट उत्पादन हुने वस्तुहरूबारे छलफल गर्ने | • चित्रको माध्यमबाट उद्योगबाट प्राप्त हुने वस्तुको विषयमा मौखिक तथा लिखित अभिव्यक्ति दिन लगाएर<br>• कुनै स्थानीय उद्योगबाट उत्पादित वस्तुको चित्र वा वास्तविक उपज ल्याई त्यसको परिचय दिन लगाएर | १५ |
| ६ | स्थानीय खेलकुद योग व्यायाम र सरसफाइ | • स्थानीय स्तरमा खेलिने खेलहरु खेल्ने तरिका<br>• विद्यालय सरसफाइको परिचय, | स्थानीय स्तरमा खेलिने खेलहरु( रूमाल लुकाइ, लक्कुढलाइ, डन्डिबियो, कपर्दी खेल्ने तरिका<br>• विद्यालय सरसफाइका परिचय,<br>• विद्यालय वरिपरि सफा राख्ने | • स्थानीय स्तरमा खेलिने खेलहरु खेल्ने तरिका बताउने<br>• रूमाल लुकाइ, लक्कुढलाइ, डन्डिबियो, कपर्दी, आदि खेलसम्बन्धी क्रियाकलापहरु विद्यार्थीहरूलाई सिकाउने र अभ्यास गराउने ।<br>• विद्यार्थीहरूलाइ विद्यालय सरसफाइको परिचय, | • स्थानीय स्तरमा खेलिने खेलहरु खेल्ने तरिका बताउन लगाउने<br>• रूमाल लुकाइ, लक्कुढलाइ, डन्डिबियो, कपर्दी, आदि खेल सम्बन्धीका क्रियाकलापहरूका अभ्यास गर्न लगाउने र विद्यार्थीको मूल्याङ्कन गर्ने | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | काममा सक्रियता | गराइदिने<br>• विद्यालय वरिपरि सफा राख्ने काममा सहभागी गराउने | • विद्यालय वरिपरि सफा राख्ने काममा सहभागी भए नभएका आधरमा मूल्याङ्कन गर्ने | |
| ७ | स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति र स्थानीय शहिदहरू | स्थानीय सेवामूलक संघसंस्थाका नाम र तिनका काम | स्थानीय सेवामूलक संघसंस्था( विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, सहकारी संस्था, क्लव, रेडक्रस, स्काउट आदि) र तिनका काम | स्थानीय सेवामूलक संघ संस्था (विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, क्लव, रेडक्रस, स्काउट आदि) र तिनका काम बताइदिने | स्थानीय सेवामूलक संघ संस्थाको नाम र काम बताउन लगाउने | २० |
| ८ | विपद् तथा जलवायु परिवर्तन | भूकम्प, आगलागी, चट्याङ, बाढी पहिरो आदिलाई विपद्को रूपमा लिन | विपदको रूपमा भूकम्प, आगलागी, चट्याङ, पहिरो, डडेलो आदिलाई विपद्को रूपमा लिन | • भूकम्प, आगलागी, चट्याङ, पहिरो, डडेलो लगायतका स्थानीय गाउँमा घटेका प्रकोपहरूका चित्र प्रदर्शन गरी छलफल गर्ने<br>• भूकम्प, आगलागी, चट्याङ, पहिरो, डडेलो लगायतका गाउँमा घटेका घटनाहरू सम्बन्धमा विद्यार्थीहरूको अनुभव सुनाउन लगाउँदै यसबाट भएका क्षतिहरू बारे छलफल गर्ने तथा यी घटनाहरूलाई प्रकोपको रूपमा बुझाउने | • भूकम्प जाँदा हुने अवस्थाको विषयमा भन्न लगाएर<br>• आगलागी हुँदा हुने क्षतिको विषयमा प्रश्न गरेर<br>• पहिरो जाँदा हुने क्षतिको विषयमा सोधेर | १० |
| ९ | स्थानीय वन तथा वन्यजन्तु | काठ, दाउरा घाँस पाउने ठाउँको नाम | आफ्नो घर वरपर भएका काठ, दाउरा घाँस पाउने ठाउँ ( वनजङ्गल) | • वनबाट घरमा के के ल्याइन्छ ? भनी प्रश्नोत्तर र छलफल गर्ने<br>• स्थानीय वनबाट पाइने फाइदाको व्याख्या गर्ने | तलका प्रश्नहरू गरी विद्यार्थीको मूल्याङ्कन गर्ने<br>(क) वनबाट घरमा के के ल्याइन्छ ?<br>(ख) स्थानीय वनबाट पाइने फाइदाहरू केके छन् ? | १५ |
| १० | १.कृषि( फलफुल, | • आफ्नो वरपर | • धान, मकै, गहुँ, | • विद्यार्थीहरूलाई आफ्नो | • अन्नबालीका बोट वा बिउ | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अन्नबाली, तरकारी,मसलाबाली) | पाइने अन्नबाली, फलफुल, तरकारी, मसलाबालीका नाम र फल्ने समय | कोदो, फापर, जौलगायतका स्थानीय अन्नबालीहरूको नाम र फल्ने समय<br>• किवी, कागती, स्याउ,सुन्तला, खुर्पानी, नास्पाती, अम्बा लगायतका स्थानीय फलफुलको नाम र फल्ने समय<br>• आलु, काउली, बन्दा गोलभेडा, स्कुस, करेला, रायो, फर्सी, मुला, च्याउ, सेतोसिमी, केराउ लगायतका स्थानीय तरकारीको नाम र फल्ने समय<br>• अलैची, बेसार, अदुवा, खुर्सानी, प्याज, लसुन, जिरा, धनिया, मेथी लगायतका स्थानीय मसलाबालीका नाम र फल्ने समय,<br>• | वरपरको खेतवारीमा लगाइएको अन्नबालीहरू सोध्ने<br>• नजिकैको क्षेत्रमा भ्रमण गराई अन्न बाली चिन्न लगाउने र फल्ने समयको जानकारी बताउने<br>• किवी, कागती, स्याउ,सुन्तला, खुर्पानी, नस्पाती, अम्बा लगायत वरपर फल्ने फलफुलहरू देखाउँदै पहिचान गर्न लगाउने र यी फलफुलहरू फल्ने समय सम्वन्धमा छलफल गराउने<br>• आलु, काउली, बन्दा गोलभेडा, स्कुस, करेला, रायो, फर्सी, मुला, सिमी, आदिको बिरूवा/चित्रको प्रर्दशन गरी नाम र फल्ने समयबारे छलफल गर्ने<br>• तरकारी बारीमा स्थलगत भ्रमण गराई भ्रमणका समयमा कुन कुन तरकारीबाली लगाएका छन् अवलोकन गराउने<br>• विद्यार्थीहरूलाई खेतबारीमा लगेर अलैची, बेसार, अदुवा, खुर्सानी, प्याज, लसुन, धनिया लगायतका स्थानीय मसलाबालीका अवलोकन गराउने र छलफल गराउने<br>• मसलाबालीको बोट वा मसला कक्षाकोठामा ल्याई तिनीहरूको नाम र फल्ने | देखाइ चिन्न लगाएर<br>• अन्नबाली फल्ने समयसम्बन्धी प्रश्न सोधेर<br>• स्थानीय स्तरमा पाइने फलफुलको नाम भन्न लगाएर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर<br>• तरकारी वा विरूवा देखाएर पहिचान गर्न लगाएर<br>• विभिन्न तरकारी बाली फल्ने समयसम्बन्धी प्रश्नोत्तर गरेर<br>• तरकारी पकाउँदा प्रयोग गर्ने मसलाको नाम भन्न लगाएर<br>• मसलाका बोट वा मसला देखाएर पहिचान गर्ने तथा फल्ने समय सोधेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | समय छलफल गर्ने | | |
| | २. पशुपंक्षी पालन | • वरपर पाइने पशुपंक्षीहरूको बच्चा | • भेडाबाख्रा, गाईभैंसी, कुखुरा, माछा लगायतका स्थानीय पशुपंक्षीको बच्चाको पहिचान र नाम | • भेडाबाख्रा, गाईभैंसी, कुखुरा, माछा लगायतका स्थानीय पशुपंक्षीको बच्चा र माउका चित्रपत्तीहरु मिलाउने खेल खेलाउने<br>• चित्रपत्तीहरु देखाउँदै पशुपंक्षीहरूको नाम भन्न लगाउने<br>• विद्यालय नजिकै पालिएका पशुपंक्षी अवलोकन गर्न लैजाने | • भेडाबाख्रा, गाईभैंसी, कुखुरा, माछा, सुँगुर लगायतका स्थानीय गाउमा पालन गर्ने पशुपंक्षीहरूको माउ र बच्चाको चित्र पहिचान गर्न लगाएर<br>• बच्चा र माउबिच जोडा मिलाउने प्रश्नको समाधान गर्न लगाएर | १० |
| ११ | सञ्चार तथा सूचना प्रविधि | सञ्चार तथा सूचना प्रविधिका साधनहरूको नाम र काम | सञ्चार तथा सूचना प्रविधिका साधनहरु (टेलिफोन, मोबाइल, रेडियो, टेलिभिजन)को नाम र काम | सञ्चार तथा सूचना प्रविधिका साधनहरु (टेलिफोन, मोबाइल, रेडियो, टेलिभिजन)को चित्र देखाइ नाम भन्न लगाउने | टेलिफोनको चित्र देखाई नाम भन्न लगाउने ।<br>मोबाइलले के काम गर्छ ? भन्न लगाउने | १० |

## ७.३ विषय वस्तुको विस्तृतीकरण कक्षा ३

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | क्षेत्रगत सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | मुख्य सिकाइ कार्यकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | • गाउँपालिकाको सामान्य परिचय<br>• गाउँपालिका भित्र बस्ने जातजातिहरूको संख्या | • गाउँपालिकाको सामान्य परिचय<br>• गाउँपालिका भित्र बस्ने जातजातिहरूको संख्या | • गाउँपालिकाको सामान्य परिचय विद्यार्थीलाई बताइदिने<br>• विद्यार्थीलाई गाउँपालिका भित्र बस्ने जातजातिहरूको सूची तयार गर्न लगाउने | • गाउँपालिकाको समान्य परिचय दिन लगाएर<br>• विद्यार्थीलाई गाउँपालिका भित्र बस्ने जातजातिहरूको सूची तयार गर्न लगाएर | १० |
| ६ | स्थानीय खेलकुद योग व्यायाम सरसफाइ | ● स्थानीय स्तरमा खेलिने खेल, योग तथा व्यायामको परिचय र फाइदा<br>● सरसफाइबाट हुने फाइदा | ● स्थानीय स्तरमा खेलिने खेल, योग तथा व्यायामको परिचय र फाइदा<br>● सरसफाइबाट हुने फाइदा | स्थानीय स्तरमा खेलिने खेल, योग तथा व्यायामको परिचय दिन र यसबाट हुने फाइदा सम्बन्धमा समूहमा छलफल गराउने<br>सरसफाइबाट हुने फाइदा सम्बन्धमा समूहमा छलफल गराई प्रस्तुत गर्न लगाउने | ● स्थानीय स्तरमा खेलिने खेल, योग तथा व्यायामको परिचय दिन लगाएर<br>● सरसफाइबाट हुने फाइदा लेख्न लगाएर<br>● प्रश्नोत्तर, कक्षा कार्य, गृहकार्य अवलोकन, छलफल रचनात्मक कार्य आदिको माध्यमबाट सिकाइ उपलब्धि हासिल भए वा नभएको मूल्याङ्कन गर्ने । | ८ |
| ७ | स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति र स्थानीय शहिदहरू | स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति, बेपत्ता र शहीदहरूको योगदान बताउन र सम्मान व्यक्त गर्न | स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति र शहीदहरूको योगदान र सम्मान | स्थानीय सेवामूलक संघसंस्था, सहकारी (कल्याणकारी, शैलुङ्गेश्वरी, प्रगतिशील,कोशीपूर्व सिर्जनशील, पोखरी चौँरी) समाजसेवी व्यक्ति र शहीदहरूको योगदान बताइदिने र उहाँहरूप्रति सम्मान व्यक्त गर्न प्रेरित गर्ने | स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति र शहीदहरूको योगदान बताउन लगाएर समाजसेवी व्यक्ति र शहीदहरूप्रति सम्मान व्यक्त गर्न केके काम गर्नुपर्ला ? | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तयारी र भण्डारण कार्यमा सहयोग पुर्‍याउन<br>● आफ्नो घर र विद्यालयमा गरिने अन्नबाली र मसला खेती, प्राङ्गारिक मलको प्रयोग र त्यस्ता कार्यमा सकेको सहयोग गर्न | कार्यमा सहयोग पुर्‍याउन<br>● आफ्नो घर र विद्यालयमा गरिने अन्नबाली र मसला खेती, प्राङ्गारिक मलको प्रयोग र त्यस्ता कार्यमा सकेको सहयोग गर्न<br>● | मलको प्रयोग र त्यस्ता कार्यमा सकेको सहयोग गर्न<br>● मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन र सुख्खा तरकारी तयारी र भण्डारण कार्यमा सहयोग पुर्‍याउन<br>● आफ्नो घर र विद्यालयमा गरिने अन्नबाली र मसला खेती, प्राङ्गारिक मलको प्रयोग र त्यस्ता कार्यमा सकेको सहयोग गर्न प्रेरित गर्ने | पुर्‍याए नपुर्‍याएको अवलोकन गरेर<br>● आफ्नो घर र विद्यालयमा गरिने अन्नबाली र मसला खेती, प्राङ्गारिक मलको प्रयोग गर्ने तरिका लेख्न लगाएर<br>● त्यस्ता कार्यमा सकेको सहयोग पुर्‍याए नपुर्‍याएको अवलोकन गरेर | |
| | पशुपंक्षी पालन | घरपालुवा पशुपंक्षीहरूको लागि सन्तुलित आहारको जानकारी प्रस्तुत गर्न | ● भेडाबाख्रा, गाईभैंसी, माछा कुखुरा, मौरी, बंगुर, कालिज र बट्टाइहरूको लागि सन्तुलित आहारको जानकारी प्रस्तुति | घरपालुवा पशुपंक्षीहरू(भेडाबाख्रा, गाईभैंसी, माछा कुखुरा, मौरी, बंगुर, कालिज र बट्टाइहरू)को लागि सन्तुलित आहारको जानकारी सम्बन्धमा समूहमा छलफल गराउने र टिपोट गर्न लगाउने त्यसपछि पालैपालो टोली प्रमुखलाई प्रस्तुत गर्न लगाउने | घरपालुवा पशुपंक्षीहरू( भेडाबाख्रा, गाईभैंसी, माछा कुखुरा, मौरी, बंगुर, कालिज र बट्टाइहरू)को लागि सन्तुलित आहारको जानकारी सम्बन्धमा समूहमा छलफल गराउने र टिपोट गर्न लगाएर | ८ |
| ११ | सञ्चार तथा सूचना प्रविधि र स्थानीय प्रविधि | सञ्चार तथा सूचना प्रविधिका साधनहरूको प्रयोग र यसले मानव जीवनमा पारेको प्रभाव | सञ्चार तथा सूचना प्रविधिका साधनहरूको प्रयोग र यसले मानव जीवनमा पारेको प्रभाव | विद्यार्थीहरूलाई सञ्चार तथा सूचना प्रविधिका साधनहरूको प्रयोग र यसले मानव जीवनमा पारेको प्रभाव सम्बन्धमा छलफल गर्न लगाउने | सञ्चार तथा सूचना प्रविधिका साधनहरूको प्रयोग र यसले मानव जीवनमा पारेको प्रभाव लेख्न लगाएर | ८ |
| जम्मा | | | | | | १२ |

### ७.८ विषय वस्तुको विस्तृतीकरण कक्षा ८

| क्र.स | विषयवस्तुको क्षेत्र/एकाइ | क्षेत्रगत सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | मुख्य सिकाइ कार्यकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | • स्थानीय ऐन र कानुनको परिचय दिन र यसको कार्यान्वयनमा राजनीतिक दलको भूमिका<br>• विकासको अवधारणा बताई गाउँपालिकामा भएका प्रमुख विकासका कार्यहरु र यसले मानव जीवनमा पारेको प्रभाव | • स्थानीय ऐन र कानुनको परिचय र यसको कार्यान्वयनमा राजनीतिक दलको भूमिका<br>• विकासको अवधारणा बताई गाउँपालिकामा भएका प्रमुख विकासका कार्यहरु र यसले मानव जीवनमा पारेको प्रभाव | • स्थानीय ऐन र कानुनको परिचय गराउने र यसको कार्यान्वयनमा राजनीतिक दलको भूमिका उल्लेख गर्न लगाउने<br>• विकासको अवधारणा बताई गाउँपालिकामा भएका प्रमुख विकासका कार्यहरु र यसले मानव जीवनमा पारेको प्रभाव सम्बन्धमा समूहमा छलफल गरी पालैपालो प्रस्तुत गर्न लगाउने | • स्थानीय ऐन र कानुनको परिचय गराउने र यसको कार्यान्वयनमा राजनीतिक दलको भूमिका उल्लेख गर्न लगाउने<br>• विकासको अवधारणा बताई गाउँपालिकामा भएका प्रमुख विकासका कार्यहरु र यसले मानव जीवनमा पारेको प्रभाव सम्बन्धमा समूहमा छलफल गरी पालैपालो प्रस्तुत गर्न लगाउने | ८ |
| २ | स्थानीय प्राकृतिक स्रोत र सम्पदा | प्राकृतिक स्रोतहरूको सम्भाव्यता र स्थानीय समुदायलाई भएको फाइदा र तिनको संरक्षण | प्राकृतिक स्रोतहरूको सम्भाव्यता र स्थानीय समुदायलाई भएको फाइदा र तिनको संरक्षण | • प्राकृतिक स्रोतहरूको सम्भाव्यता र स्थानीय समुदायलाई भएको फाइदा सम्बन्धमा छलफल गराउने<br>• प्राकृतिक स्रोतहरूको संरक्षण गर्ने तरिका टिपोट गर्न लगाउने र अन्त्यमा निष्कर्ष बताइदिने | • प्राकृतिक स्रोत तथा सम्पदाबाट समुदाय र गाउँपालिकालाई भएको फाइदा लेख्न लगाएर<br>• प्राकृतिक स्रोत तथा सम्पदाहरूको संरक्षण गर्ने तरिका टिपोट गर्न लगाएर | १२ |
| ३ | स्थानीय जातजाति भाषा, वेशभूषा, संस्कार र चाडपर्व | आफ्नो गाउँपालिकामा प्रचलित धार्मिक संस्कारहरूमा सहभागिता र तिनको पालना | • आफ्नो गाउँपालिकामा प्रचलित धार्मिक संस्कारहरू(जन्म, पास्नी, विवाह, मृत्यु)मा सहभागिता र तिनको पालना | • आफ्नो गाउँपालिकामा प्रचलित धार्मिक संस्कारहरू(जन्म, पास्नी, विवाह, मृत्यु)मा सहभागिता र तिनको पालना गराउने<br>• आफ्नो गाउँपालिकामा प्रचलित धार्मिक संस्कारहरू(जन्म, पास्नी, विवाह, मृत्यु)मा सहभागिता र तिनको पालना सम्बन्धमा विद्यार्थीहरूको | • आफ्नो गाउँपालिकामा प्रचलित धार्मिक संस्कारहरू(जन्म, पास्नी, विवाह, मृत्यु)मा सहभागिता र तिनको पालना गरे नगरेको अवलोकन गरेर<br>• संस्कारको संरक्षण तथा विकासका लागि आफ्नो | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | भूमिका टिपोट गर्न लगाउने | भूमिका लेख्न लगाएर | |
| ४ | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको संरक्षण र संवर्धन | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको संरक्षण र संवर्धन | • स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको संरक्षण र संवर्धन सम्बन्धमा स्थानीय स्रोत व्यक्तिलाई आमन्त्रण गरी कक्षामा अन्तरक्रिया गर्ने<br>• स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको संरक्षण र संवर्धन गर्न केके काम गर्नुपर्ला ?स्थानीय पत्रिकाका लागि समाचार नमुना प्रस्तुत गर्ने | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको संरक्षण र संवर्धन गर्न केके काम गर्नुपर्ला ?स्थानीय पत्रिकाका लागि एक समाचार तयार गर्नुहोस् । | १२ |
| ५ | स्थानीय पेसा र व्यवसाय | कृषि र गैर कृषिमा आधारित साना उद्योग तथा व्यवसायहरूको परिचय | कृषि र गैर कृषिमा आधारित साना तथा घरेलु उद्योग तथा व्यवसायहरूको परिचय | कृषि र गैर कृषिमा आधारित साना तथा घरेलु उद्योग तथा व्यवसायहरूको बारेमा छलफल, प्रश्नोत्तर गराउने | कृषि र गैर कृषिमा आधारित साना उद्योग तथा व्यवसायहरूको सम्बन्धमा प्रश्नोत्तर गरेर | १२ |
| ६ | स्थानीय खेलकुद योग व्यायाम र सरसफाइ | • राष्ट्रपति रनिङ शिल्ड र अध्यक्ष गोल्डकपको परिचय र त्यसको महत्त्व<br>• सरसफाइको महत्त्व | • राष्ट्रपति रनिङ शिल्ड र अध्यक्ष गोल्डकपको परिचय र त्यसको महत्त्व<br>• सरसफाइको महत्त्व | • राष्ट्रपति रनिङ शिल्ड र अध्यक्ष गोल्डकपको परिचय र त्यसको महत्त्व सम्बन्धमा समूहमा छलफल गराउने<br>• विद्यार्थीहरूलाई सरसफाइको महत्त्व सम्बन्धमा समूहमा छलफल गराउने र टिपोट गर्न लगाउने | • राष्ट्रपति रनिङ शिल्ड र अध्यक्ष गोल्डकपको परिचय दिन लगाएर<br>• सरसफाइको महत्त्व लेख्न लगाएर | ८ |
| ७ | स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति र स्थानीय | स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति र शहीदहरूको योगदान बताउन र सम्मान व्यक्त गर्न | स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति र शहीदहरूको योगदान र सम्मान | स्थानीय सेवामूलक संघसंस्था, सहकारी (कल्याणकारी, शैलुङ्गेश्वरी, प्रगतिशील, कोशीपूर्व सिर्जनशील, पोखरी चौँरी)समाजसेवी व्यक्ति र शहीदहरूको योगदान बताइदिने र उहाँहरूप्रति सम्मान व्यक्त गर्न प्रेरित गर्ने | स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्ति र शहीदहरूको योगदान बताउन लगाएर समाजसेवी व्यक्ति र शहीदहरूप्रति सम्मान व्यक्त | १६ |

| | शहिदहरू | | | | गर्न केके काम गर्नुपर्ला ? | |
|---|---|---|---|---|---|---|
| ८ | विपद् तथा जलवायु परिवर्तन | विपद् जोखिमका लागि आपतकालीन योजना निर्माण र त्यसको अभ्यास | विपद् जोखिमका लागि आपतकालीन योजना निर्माण गर्न र त्यसको अभ्यास | • विपद् जोखिमका लागि आपतकालीन योजना निर्माण सम्बन्धमा छलफल गरी खाका प्रस्तुत गर्ने<br>• विपद् जोखिमका लागि आपतकालीन योजना निर्माण सम्बन्धमा अभ्यास गराउने | • विपद् जोखिमका लागि आपतकालीन योजना निर्माण सम्बन्धमा छलफल गरी खाका प्रस्तुत गर्ने<br>• विपद् जोखिमका लागि आपतकालीन योजना निर्माण सम्बन्धमा अभ्यास गराउने | ८ |
| ९ | स्थानीय वन तथा वन्यजन्तु | स्थानीय वनजङ्गल र वन्यजन्तुको वर्तमान अवस्था र संरक्षणमा गाउँपालिकाको भूमिका | स्थानीय वनजङ्गल र वन्यजन्तुको वर्तमान अवस्था र संरक्षणमा गाउँपालिकाको भूमिका | स्थानीय वनजङ्गल र वन्यजन्तुको वर्तमान अवस्था उल्लेख गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br><br>विद्यार्थीलाई स्थानीय वनजङ्गल र वन्यजन्तुको संरक्षणमा गाउँपालिकाको भूमिका सम्बन्धमा सूची तयार गर्न लगाउने | स्थानीय वनजङ्गल र वन्यजन्तुको वर्तमान अवस्था उल्लेख गरी कक्षामा प्रस्तुत गर्न लगाएर<br><br>विद्यार्थीलाई स्थानीय वनजङ्गल र वन्यजन्तुको संरक्षणमा गाउँपालिकाको भूमिका सम्बन्धमा सूची तयार गर्न लगाएर | १२ |
| १० | १.कृषि (तरकारी, फलफुल, मसलाबाली ,अन्नबाली) | • मौसमअनुसार गरिने फलफुल, तरकारी, मसलाबालीको उत्पादन, भण्डारण र बजार व्यवस्थापन<br>• घुम्ती अन्नबाली खेती, मलको प्रयोग र | • मौसमअनुसार गरिने फलफुल, तरकारी, मसलाबालीको उत्पादन, भण्डारण र बजार व्यवस्थापन<br>• घुम्ती अन्नबाली खेती, मलको प्रयोग र सिँचाइको व्यवस्था र त्यस्ता कार्यमा | • मौसमअनुसार गरिने फलफुल, तरकारी, मसलाबालीको उत्पादन, भण्डारण र बजार व्यवस्थापन सम्बन्धमा छलफल गराउने<br>• घुम्ती अन्नबाली खेती, मलको प्रयोग र सिँचाइको व्यवस्था र त्यस्ता कार्यमा सहभागिताका लागि प्रेरित गर्ने | • मौसमअनुसार गरिने फलफुल, तरकारी, मसलाबालीको उत्पादन, भण्डारण र बजार व्यवस्थापन सम्बन्धमा उल्लेख गर्नुहोस् ।<br>• घुम्ती अन्नबाली खेती, मलको प्रयोग र सिँचाइको व्यवस्था र त्यस्ता कार्यमा सहभागिता अवलोकन गरेर | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सिँचाइको व्यवस्था र त्यस्ता कार्यमा सहभागिता | सहभागिता | | | |
| | पशुपंक्षी खपालन | घरपालुवा पशुपंक्षीहरूमा लाग्ने सामान्य रोगहरूको लक्षण पहिचान र उपचार गर्ने तरिका | घरपालुवा पशुपंक्षीहरूमा लाग्ने सामान्य रोगहरूको लक्षण पहिचान र उपचार गर्ने तरिका | घरपालुवा पशुपंक्षीहरूमा लाग्ने सामान्य रोगहरूको लक्षण पहिचान र उपचार गर्ने तरिका सम्बन्धमा समूहमा छलफल गराउने | घरपालुवा पशुपंक्षीहरूमा लाग्ने सामान्य रोगहरूको लक्षण पहिचान र उपचार गर्ने तरिका सम्बन्धमा समूहमा छलफल गर्न लगाएर | ८ |
| ११ | सञ्चार तथा सूचना प्रविधि र स्थानीय प्रविधि | सञ्चार तथा सूचना प्रविधिका साधनहरूको प्रयोग र यसले सामाजिक र आर्थिक विकासमा पारेको प्रभाव | सञ्चार तथा सूचना प्रविधिका साधनहरूको प्रयोग र यसले सामाजिक र आर्थिक विकासमा पारेको प्रभाव | विद्यार्थीहरूलाई सञ्चार तथा सूचना प्रविधिका साधनहरूको प्रयोग र यसले सामाजिक र आर्थिक विकासमा पारेको प्रभाव सम्बन्धमा छलफल गर्न लगाउने | सञ्चार तथा सूचना प्रविधिका साधनहरूको प्रयोग र यसले सामाजिक र आर्थिक विकासमा पारेको प्रभाव लेख्न लगाएर | ८ |
| जम्मा | | | | | | १२८ |

**८. सिकाइ सहजीकरण विधि तथा प्रक्रियाः**

यो पाठ्यक्रमले चौँरीदेउराली गाउँपालिकाको आर्थिक, सामाजिक, सास्कृतिक र प्राकृतिक अवस्था र सम्भावनाहरूसँग जोडिएका विषयवस्तु समेटेको छ । पाठ्यक्रमले स्थानीय कृषि, पर्यटन, उद्योग तथा साँस्कतिक पक्षहरूको प्रत्यक्ष अनुभव मार्फत ज्ञान, सिप र मूल्यको विकास गर्ने उद्देश्य लिएकाले सिकाइका लागि विद्यार्थीहरूलाई स्थलगत अवलोकन भ्रमण, प्रत्यक्ष अनुभव तथा अवलोकन र गरेर सिक जस्ता क्रियाकलापहरूमा सहभागिता गराउने कुरामा जोड दिनुपर्छ । तसर्थ यस विषय क्षेत्रको शिक्षण गर्दा विषयवस्तुको प्रकृतिअनुसार अवलोकन, प्रयोगात्मक कार्य, फिल्ड कार्य, परियोजना कार्य, प्रदर्शन, खोज, क्षेत्र अन्वेषण, प्रश्नोत्तर लगायतका विधिहरूको प्रयोग गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थीकेन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रूचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारू र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ ।

विद्यार्थीका बहुबुद्धिलाई मनन गरी एउटै विषयवस्तुको शिक्षण सिकाइका लागि धेरै किसिमका विधिहरू प्रयोग गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइका लागि विभिन्न विधि तथा रणनीतिहरू छनोट गर्दा आवश्यकता अनुसार गीत, कविता, खेल, बादविवाद, समूह कार्य, जोडी कार्य, भूमिका अभिनयलगायतका थुपै विधि तथा रणनीतिहरूको प्रयोग गरी विषयवस्तु सँगसँगै व्यवहारकुशल सिप, सामाजिकीकरण सिप, उद्यमशीलताका सोच विकासमा पनि जोड दिनुपर्नेछ ।

स्थानीय विषयको अध्ययन अध्यापनले आफ्नो गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक र पर्यावरणीय अवस्थाप्रति परिचित गराउने र यहाँको सम्भावनाहरूको खोजी तथा समस्याहरू प्रति सजग गराउँछ । बालबालिकाले अन्वेषण, अवलोकन र समस्या समाधानका सीपहरू प्रयोग गरेर आफ्नै अनुभवद्वारा सिक्छन् । यसका लागि उनीहरूलाई सकेसम्म बढी प्रयोगात्मक क्रियाकलापमा संलग्न गराउनुपर्दछ । प्रभावकारी शिक्षण सिकाइका लागि शैक्षिक सामग्रीको प्रयोगमा जोड दिनुपर्दछ । पाठले दिन खोजेका धारणालाई स्पष्ट पार्न सम्भव भएसम्म मूर्त सामग्री नभए अर्धमूर्त वा अमूर्त प्रभावकारी क्रियाकलापहरू सञ्चालन गर्नु जरूरी छ ।

**९. विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरूः**

क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा १-८ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

१. **कथाकथन एवम् गीत** : यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

२. **आगमन विधि** : यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

३. **भूमिका निर्वाह/अभिनय** : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

४. **निर्माणात्मक कक्षा** : यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।

५. **सहयोगात्मक कक्षा** : यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

६. **परियोजना कार्य** : विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा

गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

७. **छलफल र प्रश्नोत्तर**: यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

८. **अन्वेषण, अनुसन्धान तथा खोज**: यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

९. **प्रविधियुक्त कक्षा** : मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

१०. **सिर्जनात्मक कार्य**: यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

११. **समस्या समाधान विधि**: यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१२. **खेल विधि** : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

**१०. मूल्याङ्कनका तरिका र साधन**:

विद्यार्थीको उमेर तथा रूचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रूचि र परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरू वैध, एकरूपता र विश्वसनीय हुनुपर्छ । यसैगरी विविधताको सम्बोधन गर्न सक्नु पर्छ ।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । शिक्षकले आवश्यकता अनुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

विद्यार्थी मूल्याङ्कनका साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । सिर्जनात्मक कार्य, कक्षा सहभागिता कक्षा कार्य, व्यवहार परिवर्तन, विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण गर्नुपर्छ यो शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । त्यसैगरी विभिन्न प्रकारका रूजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio) तयार गर्नुपर्छ । विद्यार्थीको प्रगति, सिकाइ कमीकमजोरी र सुधार कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

कक्षा १–८ का विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्न अनुसार हुन सक्दछन् :

विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू

| क. सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री | |
| ३ | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री | |

| | | | |
|---|---|---|---|
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम | |
| ७ | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ९ | कुराकानी, छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम | |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ :
विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| **कमजोर** (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| **सामान्य** (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| **राम्रो** (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| **उच्च** (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनु पर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धि समेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ । यही क्रममा सबै विषय क्षेत्रको सिकाइ पश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर सहित विषय क्षेत्रगत औसत सिकाइ

उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विद्यार्थी मूल्याङ्कनका लागि नमुना साधन, साधन प्रयोग गर्ने तरिका तथा मूल्याङ्कनको अभिलेख व्यवस्थापन सम्बन्धी थप विवरण अनुसूचीमा समावेश गरिएको छ ।

**११. अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग:**

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता र परिस्थितिजन्यतालाई विचार गर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिँदैन र यसो गर्नु उपयुक्त पनि हुँदैन । त्यसैले यहाँ वैकल्पिक तरिका तथा साधनका केही उदाहरण मात्र प्रस्तुत गरिएको छ ।

- ❖ दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने कार्य वा प्रश्न ठुलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्ने वा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थिति अनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने इत्यादि ।
- ❖ दृष्टिविहीन मध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने । तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने । जस्तै विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको रेकर्ड दिएर उत्तर वा कार्यको विवरण रेकर्ड गर्न लगाउने । यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यमा विकल्प तयार गर्ने ।
- ❖ दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहीनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्न सकिन्छ ।
- ❖ कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्नुपर्छ । यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्न सकिन्छ ।
- ❖ शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरूपअनुरूपको वैकल्पिक प्रबन्ध गर्ने ।
- ❖ बौद्धिक अपाङ्गता भएका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने ।

**१२. विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नानुसार व्यवस्थित गरी राख्नुपर्छ :

- ❖ विषयक्षेत्रगत रूपमा प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- ❖ कार्यसञ्चयिका फायलमा विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए

पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।

❖ कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।

❖ प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग सकिन्छ :

❖ शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन

❖ विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन

❖ अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न

❖ विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न

❖ विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधाार गर्न विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरू

क. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेख भएमा त्यसमा चिह्न लगाउने र अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्नुपर्छ ।

ख. हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दम बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

ग. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भएअनुसार अभिलेखित गनुपर्छ ।

घ. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुर्‍याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुर्‍याउनु अपेक्षित छ ।

ङ. विषयक्षेत्र तथा थिम अन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड} * १००}{४ \text{ X मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}}$$

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| ३० भन्दा कम | E | ज्यादै कमजोर |
| ३० र सो भन्दा माथि ४५ | D | कमजोर |
| ४५ र सो भन्दा माथि ६० भन्दा कम | C | सामान्य |
| ६० र सो भन्दा माथि ७५ भन्दा कम | B | राम्रो |
| ७५ र सो भन्दा माथि ९० भन्दा कम | A | उच्च |
| ९० र सो भन्दा माथि | A+ | उत्कृष्ट |

६.कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्रगतसमग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्न अनुसार निकाल्नुपर्छ :

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड} * १००}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}}$$

यो उपलब्धि प्रतिशतको व्याख्या माथिको बुँदा ५ अनुसार गर्नुपर्छ ।

**१३. आधारभूत तह (कक्षा ६-८) विद्यार्थी मूल्याङ्कन प्रक्रियाः**

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएन भएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै सिसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्यमान्यताको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । आन्तरिक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकन लगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रूजूसूची श्रेणीमापन लगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्या लगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यो विषय गरेर सिक पद्धतिमा आधारित भएकाले विद्यार्थीहरूलाई कार्यस्थलको अवलोकन, टिपोट, अन्तर्वार्ता जस्ता विधिहरूको प्रयोगमा जोड दिनुपर्छ ।

यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ । निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका

रूपमा आन्तरिक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ ।

**(क) आन्तरिक मूल्याङ्कनः**

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छः

| सि. नं. | मूल्यमान्यताका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २ | प्रयोगात्मक/परियोजना | ३६ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

**(ख) आवधिक मूल्याङ्कनः**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरूदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ ।

**शिक्षकलाई सल्लाह र सुझाव**

❖ स्थानीय आवश्यकताको आधारमा स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागितामा स्थानीय पाठ्यक्रम तयार हुन्छ । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय सन्दर्भमा आवश्यक र महत्वपूर्ण विषय क्षेत्रहरू नै स्थानीय पाठ्यक्रममा समेटिएका हुन्छन् । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताहरू समेटी आफ्नो मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमा नै निर्माण गरी कार्यान्वयन गर्ने पाठ्यक्रम पनि हो । यो स्थानीयतामा आधारित पाठ्यत्रक्रम हो । यो Peripheral and Need Based पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम स्थानीयता केन्द्रित हुन्छ । यो लचिलो प्रकृतिको हुने भएकोले समय, सन्दर्भ र आवश्यकताको आधारमा यसलाई सहजै परिस्कृत एवम् परिमार्जन गर्न सकिन्छ । स्थानीय पाठ्यक्रम स्थानीय स्रोत साधन नै प्रयोग गरेर कार्यान्वयन गर्न सकिन्छ । पाठ्यक्रम तयार भएपछि पाठ्यपुस्तक नै नभए पनि पाठ्यक्रम कार्यान्वयन गर्न विद्यार्थी र शिक्षकको संयुक्त प्रयास हुँदा सजिलै सकिन्छ ।

❖ चौँरीदेउराली गाउँपालिका विविधताले भरिपूर्ण पालिका हो । यहाँका प्रत्येक टोलटोल र वडावडामा फरक फरक संस्कृति, रीतिरिवाज र परम्परा पाइन्छन् । भौगालिक परिवेश, जातजाति, संस्कार एवम् संस्कृति र मूल्यमान्यतामा पनि विविधता पाइन्छ । यो गाउँपालिका पनि प्राकृतिक स्रोत साधन, पर्यटकीय सम्भावना, जातिगत विशिष्टताले धनी छ । त्यसलाई पहिचान र व्यवसायीकरण गर्ने सिप र अभिवृत्तिको मात्र खाँचो छ । भौगोलिक रूपमा कठिन छ, प्राकृतिक स्रोत साधनले भरिपूर्ण छ तर तिनलाई पूण रूपमा प्रयोग गर्न सकिएको छैन । स्वरोजगारीको सिर्जना गर्ने भन्दा अरूले सिर्जना गरिदिएको रोजगारीमा मजदुरी गर्ने खालका जनशक्ति दिनानुदिन बढ्दै गइरहेको अवस्था छ ।

❖ चौँरीदेउराली गाउँपालिकाले विभिन्न पेसा एवम् व्यवसाय गर्न चाहने व्यक्तिहरूलाई आर्थिक सहायता र स्वरोजगारीको सिर्जना गर्ने जस्ता कार्यक्रमहरू अगाडि बढाइरहेको छ । तर पनि हालका वर्षमा समुदायका युवा शिक्षित बेरोजगारका रूपमा परिणत भइरहेका छन् र विदेश जाने क्रम बढिरहेको छ । यस्तो अवस्था आउनु हाम्रो जस्तो पालिकाका लागि विडम्बनाको कुरा हो । सेवा क्षेत्र निकै सानो भएकाले यहाँ सीमित व्यक्तिले मात्र अवसर पाउन सक्ने अवस्था छ । स्थानीय स्रोत र साधन खेर गई कृत्रिम गरिबीको अवस्था सिर्जना भएको देखिन्छ । यस्ता कुरालाई राष्ट्रिय पाठ्यक्रमले समेट्नु सम्भव हुँदैन । अब बालबालिकालाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्त्वका बारेमा पनि सिकाउनुपर्ने हुन्छ । स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाउने कार्यमा स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको हुन्छ । स्थानीय पेसा, व्यवसाय तथा जीविकोपार्जनमा सिकारुलाई सहभागी गराउन पनि यो स्थानीय पाठ्यक्रम उपयोगी सिद्ध हुनेछ । त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर बालबालिकालाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका कतिपय विषयवस्तुहरू आवश्यक स्रोत सामग्रीहरूको खोजी गरी उपयोगमा ल्याउनुपर्ने हुन्छ । यसको लागि शिक्षक र विद्यार्थी दुवै क्रियाशील हुन आवश्यक छ । विद्यार्थीले प्रत्यक्ष भाग लिएर वा सम्बन्धित व्यक्ति वा विज्ञ व्यक्तिहरूसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सिप, अभिवृत्ति, सामर्थ्य र मूल्य हासिल गर्न सक्नेछन् ।

**स्थानीय विषय शिक्षण गर्ने शिक्षकहरूले मूलतः निम्नलिखित पक्षहरूमा ध्यान दिन आवश्यक हुन्छ :**

❖ स्थानीय विषयले निर्दिष्ट गरेको क्षेत्र, क्रम र उद्देश्यलाई केन्द्रबिन्दुमा राखेर सिकारुको व्यक्तिगत विभिन्नता र सामाजिक विविधता अनुरूपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्ने,

❖ स्थानीय विषयमा उल्लिखित विभिन्न थिमहरूलाई विभिन्न व्यवहारकुशल सिपमा आधारित बनाइ साझा सिकाइको सम्भावनाको खोजी गरी सोही अनुरूपको शिक्षण सिकाइ योजना निर्माण गरी कार्यान्वयनमा

ल्याउने,

- सान्दर्भिक स्थानीय विषयवस्तु र आवश्यकतालाई जोड्दै सिकारूको सक्रिय सहभागिता बढाउन विशेष ध्यान दिने,
- चौँरीदेउराली क्षेत्रको स्थानीय पेसा, व्यवसाय, भूगोल, समाज, संस्कृति, जातिगत र भाषागत अवस्थाको आधारमा सिकारूको अपनत्व हुनेखालको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- विभिन्न स्रोतसामग्री सङ्कलन गरी पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सक्षमता प्राप्तिका लागि प्रयत्नशील रहने,
- स्थानीय विषय पढाउने शिक्षकहरूबीच अनुभव आदान-प्रदान गरी आइपरेका समस्याहरू हल गर्न हर्दम क्रियाशील रहने,
- पाठ्यक्रमलाई समसामयिक बनाउन आवश्यक महशुस भएको अवस्थामा पालिकास्तरीय छलफल गरी आवश्यक परिमार्जन गर्न पहल गर्ने,
- सिकारूलाई उत्पादनसँग जोड्दै श्रमलाई सम्मान गर्ने तथा अग्रजहरूको योगदानको कदर गर्दै असल आचरण, नैतिक मूल्यमान्यता, अनुशासन तथा सभ्यतासम्बन्धी पक्षहरूमा आफू र सिकारू दुवैको भूमिकालाई समन्वयात्मक ढङ्गले विकास र विस्तार गर्न प्रयत्नशील रहने,
- कक्षाकोठाभित्र सिकाइका लागि गर्न सकिने क्रियाकलापहरू जस्तैः छलफल, प्रश्नोत्तर, अन्तरक्रिया, व्याख्या, सूचना प्रविधिको प्रयोग, अभिनय, नाटक, समूह कार्य आदिलाई शिक्षण सिकाइसँग जोड्दै सिकाइको प्रभावकारितामा ध्यान दिने,
- सिकाइलाई दिगो र उद्देश्यमूलक बनाउन सिकारूलाई गरेर सिक्ने (Learning by doing) सिद्धान्तको व्यवहारिक प्रयोगमा ध्यान दिने,
- विपद व्यवस्थापन र सुरक्षित विद्यालयसम्बन्धी जानकारी गराई सिकारूलाई विपदबाट बच्ने उपाय र व्यवस्थापन गर्ने तरिका तथा सुरक्षित विद्यालयको आवश्यकता र महत्त्वको सम्बन्धमा समेत छलफल, अनुभव आदानप्रदान, अन्तरक्रिया, परियोजना कार्य, प्रत्यक्ष अवलोकन आदिको माध्यमले सुसूचित गराउन क्रियाशील रहने कार्यमा सहभागितात्मक पद्धति (Participatory Approach) अवलम्बन गर्ने ।
- सामुदायिक कार्य, कार्यमूलक अनुसन्धान, क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, परियोजना कार्य, घट्ना अध्ययन, विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी, लक्षित समूह छलफल आदि कक्षाकोठा बाहिर सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूका पक्षमा पाठ्यक्रमका सक्षमता सम्बन्धित गराई शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन प्रयत्नरत रहने,
- आफ्नो परिवेश, स्थानीयता, जन्मभूमि, आफ्नो भाषा, संस्कृति, कलाकौशल, संस्कार, चाडपर्व, मूल्यमान्यता जस्ता पक्षहरू शिक्षण गर्दा आवश्यकताअनुसार सम्बन्धित विषयमा जानकार व्यक्तिहरूलाई स्रोत शिक्षकको रूपमा बेलाबेलामा आमन्त्रण गरी अनुभव आदानप्रदान गर्ने परिवेश निर्माण गर्ने
- निरन्तर अभ्यास एवम् परियोजना कार्य तथा सिकारूको अभिव्यक्ति र व्यवहार परिवर्तनको अवस्थालाई ख्याल गरी मूल्याङ्कन गर्ने
- सकारूको कार्यलाई प्रशंसा गर्ने, सिर्जनात्मक अभिव्यक्ति र अभ्यासात्मक क्रियाकलापको जगमा सिकारूले प्राप्त गरेको ज्ञान, सिप, अभिवृत्ति, सामर्थ्य, मूल्य र व्यवहारिक पक्षलाई आँकलन गरी मूल्याङ्कन गर्ने ।